# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, असार ०५ गते, २०७६ साल (अतिरिक्ताङ्क ८

## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७६ सालको ऐन नं. ७

# जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाइ लागू गरेको छ ।

१. संक्षिप्त, नाम र प्रारम्भ: (१) यो ऐनको नाम "जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐनले संशोधन गरी थप भएका पारिश्रमिक तथा सेवा सुविधा यो ऐन लागू भएको मिति देखि मात्र लिन सकिनेछ ।

२. जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ संशोधन: (१) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (३) झिकिएकोछ ।

प्रमाणीकरण मिति:- २०७६/०३/०५

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सरकारको सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- www.p1moial.gov.np